# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७६/ १० /०७

पांचौ अधिवेशन

(दोस्रो बैठक)

वाचन पत्र (रिडिङ्ग पेपर)

माननीय सदस्यहरू, **पिठाशिन माननीय अर्जुन वहादूर थापा**

यस सभाको पांचौ अधिवेशनको दोस्रो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

**अब** रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको रेडियो , एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ लाई सभा समक्ष प्रस्तुतगर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउछु ।

**माननीय सदस्यहरू,**

अब, म आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ लाई सभा समक्ष टेबुल गर्न अनुमती दिन्छु ।

**मा. प्रकाश दहादुर शाह**

माननीय सभामूख महोदय, रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ माथी कुनै पनि माननीय सदस्यहरुले बिरोधको सुचना दर्ता नगराई बिधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रशस्त गरिदिन ुभएकोले सम्पुणृ माननीय सदस्य हरुलाई धन्यबाद प्रदान गर्न चाहान्छु । यस प्रदेशमा रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा यस प्रदेशमा अत्यावस्यक भएकोले प्रदेश सरकारले उक्त आवस्यक्ता महसुश गर्दै सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारि गरायन चाहान्छु ।माननीय सभामुख ज्यू वाट विधेयक टेवुल गर्न अनुमति भएकोले प्रदेश सभा नियमावलि २०७४ कोनयिम १०६ को उपनयिम १ वमोजिम रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,२०७६ सभा समक्ष टेबुल गर्दछु धन्याधाद ।

**माननीय सदस्यहरू,**

रेडियो ,एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६माथिको आजको कार्बाही यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरु,**

आजै दिउंसो १.०० वजे देखि यस प्रदेश सभाको प्राङ्गणमा प्रदेश सभा दिवस मनाउने कार्यक्रम रहेकोले सवै माननीय सदस्यज्यूहरुलाई उक्त कार्यक्रममा सहभागी हुन आग्रह गर्दछु ।

**माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल माघ महिनाको १३ गते सोमबार दिनको १.०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।